राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १३२/२०७०/०७१

जिल्ला पर्सा, हरतपुर गा.वि.स.को कार्यालय वडा नं. ६, वस्ने जगदिश प्रसाद यादव ..............१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, (हरपुर गाउँ विकास समितिको कार्यालय, एकटंगा पर्सा) ............................१ विपक्षी
सूचना अधिकारी, (हरपुर गाउँ विकास समितिको कार्यालय, एकटंगा पर्सा) ............................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला पर्सा, हरतपुर गा.वि.स.को कार्यालय वडा नं. ६, वस्ने जगदिश प्रसाद यादवले हरपुर गाउँ विकास समितिको कार्यालय, एकटंगा पर्सा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०८।१० मा निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।०८।१६, च.नं.४१४, पु.च.नं.११७ को पत्रबाट लेखिगएको र मिति २०७०।११।०८, च.नं.६५४, पु.च.नं.१७४ को पत्रबाट ताकेता समेत गरिएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म निवेदकले सूचना पाइन भनी निवेदन गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राख्नू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।